श्रीमान नगर प्रमुख ज्यू
बराहक्षेत्र नगरपालिका नगर कार्यपालिकाको कार्यालय
चक्रघटी, सुनसरी ।

मिति : २०७९।०३।२९

विषयः मापदण्ड पालनाको समिक्षा प्रतिवेदन पेश गरेको बारे ।

प्रस्तुत विषयमा यस बराहक्षेत्र नगरपालिकावाट निर्धारित गरिएका सेवाका मापदण्ड एवं सूचकहरुको विषयमा मापदण्ड पालनाको समीक्षा प्रतिवेदन देहाय बमोजिम उल्लेख गरी पेश गरेको व्यहोरा अनुरोध छ ।

१. बराहक्षेत्र नगरपालिका, चक्रघटीको नागरिक वडा पत्र २०७५ बाट नै निर्धारण गरिएका सेवाहरु देहाय बमोजिम संचालनमा भएको ।

क) आयोजना वा कार्यक्रम सम्झौता प्रकृया पूरा भए सोहि दिन निःशुल्क काम भएको ।

ख) आयोजना वा कार्यक्रमको रकम भुक्तानी प्रक्रया पूरा भएको सोही दिन ।

ग) घर नक्सा पास आवासीय भवन रु. ६ प्रति वर्ग फिट, व्यापारिक भवन रु. ७ प्रति वर्ग फिट र टिनको छाना भएको रु. ४ प्रति वर्ग फिट लिने गरेको ।

घ) बैंक खाता खोल्ने प्रक्रया पूरा भए सोहि दिन काम भएको पाइयो ।

ङ) व्यवसाय दर्ता प्रक्रिया पूरा भए सोही दिन पूँजी अनुसारको राजश्व लिने गरेको ।

च) उजूरी/फिराद दर्ता न्यायिक समिति मार्फत प्रकृया पूरा भए सोही दिन दस्तुर रु. २००।-

छ) व्यवसाय नवीकरण प्रशासन शाखाबाट काम सम्पादन गरेको व्यवसाय दर्ता गर्दाको पूँजी अनुसार शुल्क लाग्ने ।

ज) अंग्रेजीमा सिफारीस र कन्सुलर प्रमाणिकरण प्रकृया पूरा भएमा सोही दिन ।

झ) उद्योग व्यवसाय दर्ता सिफारीस पूँजी अनुसार दस्तुर लिने गरेको ।

ञ) अध्ययनको लागि विदेश जाँदा आय प्रमाणित प्रति लाख रु. ५०।— र सर्वसाधारणको लागि रु.१००।

ट) विद्यालय दर्ता थप कक्षा शिक्षा शाखावाट रित पूर्वकको दरखास्त फारम माथिल्लो कक्षा संचालित

ठ) सहकारी दर्ता शहकारी शाखाबाट दर्ता शुल्क वचत ऋण सहकारी संस्थाको रु. १५००।— र अन्यलाई रु. २०००।- ।

२. विद्यालयको सहमती र वडा कार्यालयको सिफारीसमा गर्ने गरेको पाइयो ।

प्रतिवेदन पेश गर्ने
दुर्गा बहादुर बस्नेत
क.अ. (सहायक पाँचौं)
प्रशासन शाखा

# वराहक्षेत्र नगरपालिका, चक्रघट्टी, सुनसरी

## नागरिक वडापत्र, २०७५

| क्र. सं. | सेवा सुविधाको प्रकार | सेवा दिने शाखा | जिम्मेवार कर्मचारी | आवश्यक कागजातहरु | सेवाका लागि लाग्ने | |
|---|---|---|---|---|---|---|
| | | | | | समय | शुल्क |
| १ | आयोजना वा कार्यक्रम सम्झौता | योजना | शाखा प्रमुख | उपभोक्ता समिति गठन गर्ने आमभेलाको निर्णय, योजनाको लागत अनुमान, योजना सम्झौता गर्ने सम्बन्धी उपभोक्ता समितिको निर्णय, बैंक खाता सञ्चालन गर्ने पदाधिकारी तोकिएको उपभोक्ता समितिको निर्णय, नागरिकताको प्रतिलिपि र वडा कार्यालयको सिफारिस । | प्रकृया पूरा भए सोही दिन | निःशुल्क |
| २ | आयोजना वा कार्यक्रमको रकम भुक्तानी | आर्थिक प्रशासन | शाखा प्रमुख | बील भर्पाई योजना सम्बन्धी भएमा प्राविधिक प्रतिवेदन, उपभोक्ता समिति मार्फत् भएमा सम्बन्धित वडा समितिको सिफारिश र संघ संस्थाको भएमा पत्र, संस्था दर्ता नविकरणको प्रमाणपत्र, छाप तथा कार्य सम्पन्नको फोटो, सार्वजनिक परिक्षण प्रतिवेदन, ३ लाख बढीको भए होडिङ्ग बोर्डको फोटो । | प्रकृया पूरा भए सोही दिन | |
| ३ | घर नक्शा पास | प्राविधिक | शाखा प्रमुख | रितपूर्वकको निवेदन, जग्गाधनी प्रमाण पूर्जा, नापी नक्शा (ब्लूप्रिण्ट), जग्गा धनीको नागरिकताको प्रमाणपत्र, घरको नक्शा (डिजाइन), कर तिरेको रसिद र चारकिल्ला प्रमाणित | १ महिनाभित्र | रू. ६/- प्रति वर्गफीट |
| ४ | बैंक खाता खोल्ने | आर्थिक प्रशासन | शाखा प्रमुख | उपभोक्ता समितिको निर्णय प्रतिलिपी, अध्यक्ष सचिव र कोषाध्यक्षको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी १।१ प्रति र बैंक खाता खोल्ने सम्बन्धमा सम्बन्धित उपभोक्ता समितिको निवेदन | प्रकृया पूरा भए सोही दिन | |

# वराहक्षेत्र नगरपालिका, चक्रघट्टी, सुनसरी

## नागरिक वडापत्र, २०७१

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | व्यवसाय दर्ता | प्रशासन | शाखा प्रमुख | नागरिकताको प्रमाणपत्र, फोटो २ प्रति, निर्धारित आवेदन फाराम, व्यवसाय गर्ने स्थान / अरुको घर भाडामा लिएको भए घरधनीसंग गरिएको सम्झौताको प्रतिलिपि, आफ्नो घर भए जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपी । | प्रकृया पूरा भए सोही दिन | पूँजी अनुसार |
| ६ | उजूरी / फिराद दर्ता | मुद्दा / प्रशासन | न्यायिक समिति / प्रशासन | विवादको विवरण खुल्ने गरी तोकिएको ढाँचामा निवेदन, नागरिकता प्रमाणपत्र र अन्य आवश्यक प्रमाण कागजहरु | प्रकृया पूरा भए सोही दिन | रु. २००/- |
| ७ | व्यवसाय नवीकरण | प्रशासन | शाखा प्रमुख | रितपूर्वकको निवेदन, व्यवसाय दर्ता प्रमाणपत्र, अघिल्लो वर्षको कर तिरको रसिद | प्रकृया पूरा भए सोही दिन | व्यवसाय दर्ता गर्दाको पूँजी अनुसार |
| ८ | अंग्रेजीमा सिफारिश र कन्सुलर प्रमाणिकरण | प्रशासन | शाखा प्रमुख | कामको प्रकृति अनुसार विवरण खुल्ने निवेदन, सम्बन्धित प्रमाणपत्रहरु | प्रकृया पूरा भए सोही दिन | प्रति पाना रु. २००/- |
| ९ | उद्योग व्यवसाय दर्ता सिफारिश | प्रशासन | शाखा प्रमुख | उद्योग व्यवसायको प्रकृति अनुसार विवरण खुल्ने निवेदन, सम्बन्धित प्रमाणपत्रहरु | २ दिन | पूँजी अनुसार |
| १० | संस्था दर्ता सिफारिश / नवीकरण | प्रशासन | शाखा प्रमुख | निवेदन, विधान, पदाधिकारीको नामावली सहितको व्यक्तिगत विवरण, तदर्थ सञ्चालक समितिको निर्णय । नवीकरणको हकमा साधारण सभाको निर्णय, लेखापरीक्षण प्रतिवेदन र कर चुक्ता प्रमाणपत्र | प्रकृया पूरा भए सोही दिन | रु. १५०/- |
| ११ | अध्ययनको लागि विदेश जाँदा आय प्रमाणित | राजश्व / प्रशासन | शाखा प्रमुख | निवेदन / जग्गाधनी पूर्जा/ नागरिकता प्रमाणपत्र, वडा कार्यालयको सिफारीश | प्रकृया पूरा भए सोही दिन | प्रति लाख रु. ५०/- का दरले |

# वराहक्षेत्र नगरपालिका, चक्रघट्टी, सुनसरी

## नागरिक वडापत्र, २०७५

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १२ | विद्यालय दर्ता / थप कक्षा | शिक्षा समिति / शिक्षा शाखा | समिति/ शाखा प्रमुख | रित पूर्वकको दरखास्त फारम, माथिल्लो कक्षा संचालित २ विद्यालयको सहमित, वडा कार्यालयको सिफारिस | नियमानुसार | आर्थिक ऐनमा तोकिए बमोजिम |
| १३ | सहकारी दर्ता | सहकारी शाखा | शाखा प्रमुख | अनुसूची -१ को ढाँचामा दरखास्त, संस्थाको प्रस्तावित विनियम, सदस्यले लिन स्वीकार गरेको शेयर संख्या र शेयर रकमको विवरण, संस्थाको निर्णय, संभाब्यता अध्ययन प्रतिवेदन, प्रथम प्रारम्भिक भेलाको निर्णय पुस्तिका, दोस्रो प्रारम्भिक भेलाको निर्णय पुस्तिका, व्यवसायिक कार्ययोजना, वडा कार्यालयको संस्था दर्ता सिफारिस, घर बहाल सम्झौता पत्र, सदस्यहरुको स्थायी बसोबास देखिने कागजात । | बढीमा १ (एक) महिना | बचत तथा ऋण सहकारीलाई रु. १५००/- र अन्यलाई रु. २०००/- |
| १४ | "घ" वर्गको निर्माण व्यवसाय इजाजतपत्र दर्ता र नवीकरण | राजश्व | शाखा प्रमुख | "घ" वर्गको निर्माण व्यवसाय इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ को अनुसूची १ बमोजिमको ढाँचामा दरखास्त<br>घ वर्गको निर्माण व्यवसाय इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ को अनुसूची ५ बमोजिमका प्रमाण कागजातहरु<br>नवीकरणको हकमाः-"घ" वर्गको निर्माण व्यवसाय इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ को दफा ३ ले तोकेका प्रमाण कागजातहरु | नियमानुसार | इजाजत पत्र दस्तुर रु. ५०००/-, नविकरण २५००/- |